प्रकाशनः 2026 साल 9 महिना/शरद ऋतु अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

**नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?**

वडा कार्यालयबाट चिठीपत्र आएको छ के गर्दा होला ?
माइनम्बर कार्ड बनाउन चाहन्छु !
निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ छ ?
बच्चालाई जापानी स्कुलमा पठाउन चाहन्छु ? आदि

## नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय** कार्यालय खुल्ने दिन बिहान 10 बजेदेखि 12 बजेसम्म, दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा

**डेस्क परामर्श** नाकानो वडा कार्यालयको 4 तला

**टेलिफोन परामर्श** 03-3228-8929 (सीधा सम्पर्क)

**भाषा** अंग्रेजी, चिनियाँ, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्यावलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

## जापानी संस्कृतिको परिचय

### शिची–गो-सान पर्व




शिची-गो-सान (七五三) पर्व बालबालिकाको स्वास्थ्य र समृद्धिको उत्सव मनाउँदै उनीहरूको स्वास्थ्य र सुखको कामना गरिने जापानको परम्परागत पर्व हो । यो हरेक वर्ष मुख्यतयः नोभेम्बर १५ तारिक आसपास मनाइन्छ। सामान्यतया ३ वर्षका बालिका, ५ वर्षका बालक र ७ वर्षका बालिका यस पर्वका मुख्य पात्र हुन्छन्। यस अवसरमा बालबालिकालाई परम्परागत विशेष पोशाक लगाइन्छ र परिवारका सदस्यहरूसँगै शिन्तो मन्दिरमा गई पूजा तथा प्रार्थना गरिन्छ। परिवारले बालबालिका अहिलेसम्म सकुशल हुर्किएकोमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि उनीहरूको स्वास्थ्य, सुरक्षा र सुखको कामना गर्दछन् ।

यस परम्पराको सुरुवात हेइआन कालमा राजदरबारमा गरिने संस्कारबाट भएको मानिन्छ र पछि एदो कालमा सर्वसाधारण माझ फैलिएको बताईन्छ। यसको उत्पत्ति बालबालिकाको उमेर अनुसार गरिने तीनवटा संस्कारसँग जोडिएको छ । ३ वर्षको उमेरमा गरिने 「髪置（かみおき）」कामीओकी, ५ वर्षको उमेरमा गरिने 「袴着（はかまぎ）」 हाकामागी, र ७ वर्षको उमेरमा गरिने 「帯解（おびとき）」ओबितोकी ।

यस अवसरमा बालबालिकाको दीर्घायु र राम्रो स्वास्थ्यको कामना गर्दै 「千歳飴（ちとせあめ）」चितोसे-आमे नामक लामो मिठाई दिने चलन पनि छ। आजभोलि मन्दिरमा दर्शन तथा पूजा गर्नुका साथै विशेष पोशाकमा सम्झनाको लागि फोटो खिच्ने, परिवारसँगै मीठो खाना खाने आदि रमाइलो कृयाकलाप गरेर बालबालिकाको वृद्धि र विकासको खुसी मनाईन्छ। यसरी शिची-गो-सान (七五三) जापानी परिवारका लागि आफ्ना बालबालिकाको स्वस्थ वृद्धि र उज्ज्वल भविष्यको कामना गर्ने एउटा महत्त्वपूर्ण पारिवारिक तथा परम्परागत उत्सव बनेको छ ।

## नाकानो वार्डको इजाजतपत्र प्राप्त बाल हेरचाह सुविधाको लागि आवेदन

**2027 को 4 बाट भर्ना हुन मान्यता प्राप्त बालआश्रमको आवेदनको अन्तिम मिति 10 महिनाको 30 हो ।**




**लक्षित व्यक्ति**
अभिभावकको काम, सुत्केरी, बिरामी लगायतका कारणले घरमै उचित हेरचाह पाउन नसक्ने विद्यालय जान सुरु नगरेका बालबालिका।

**आवेदन प्रकृया**
इलेक्ट्रोनिक अथवा हुलाक मार्फत वाल हेरचाह सुविधाको भर्ना शाखामा आवेदन दिनुहोस् ।

**आवेदन समय**
10 महिनाको 2 तारिक (शुक्रवार) देखि 10 महिनाको 30 तारिक (शुक्रवार) सम्म
विस्तृत जानकारीको लागि नाकानो वडाको होमपेज हेर्नुहोस् ।

वेबसाइट ▶

## विदेशीका लागि अनलाइन जापानी भाषा कक्षा

**नाकानो वडामा बसोबास गर्ने ·काम गर्ने·अध्ययन गर्ने विदेशी नागरिकहरूका लागि**

**लक्षित व्यक्ति**
① परिचयात्मक कक्षा
जापानी भाषा पहिलो पटक सिक्ने विदेशीहरूका लागि
② प्रारम्भिक कक्षा
परिचयात्मक तहको जापानी भाषा बोल्न सक्ने विदेशीहरूका लागि

**कक्षा शुल्क**
कक्षा शुल्क निःशुल्क हो तर पाठ्यपुस्तकको शुल्क भने तिर्नुपर्दछ । प्रारम्भिक कक्षाः 4,510 येन, आधारभूत कक्षाः 5,170 येन

**तालिका**
10 महिना 28 तारिक (बुध) देखि 2027 साल 1 महिना 16 तारिक (शनि) को बुध र शनि गरी जम्मा 20 पटक

**स्थान**
अनलाईन (12 महिना 12 तारिक आदान–प्रदान कार्यक्रम मात्र प्रत्यक्ष रूपमा वडा कार्यालयमा गरिन्छ ।)

**आवेदन समय**
9 महिना 7 तारिक (सोम) देखि होमपेज भित्रको सम्बन्धित फारम भरी आवेदन दिनुहोस् ।

**क्षमता**
परिचयात्मक कक्षा 20 जना
प्रारम्भिक कक्षा 20 जना
(आवेदक संख्या धेरै भएमा गोला प्रथाबाट छनोट गरिनेछ ।)

वेबसाइट ▶

## 2026 नाकानो तोहोकु किजुना महोत्सव

नेबुता लगायत तोहोकु क्षेत्रका ६ वटे प्रान्तका चाडपर्वहरु एकै ठाउँमा हेर्न पाईनेछ भने हरेक क्षेत्रको परिचय तथा स्थानीय विशेष उत्पादनहरुको बिक्री पनि गरिन्छ । सम्पूर्ण महानुभावहरूमा हार्दिक आमन्त्रण गर्दछौं ।



**तालिका**
10 महिना 24 तारिक (शनि) 10:00～20:00
10 महिना 25 तारिक (आइत) 10:00～18:00

**स्थान**
वडा कार्यालय भित्र तथा नाकानो सिकी नो मोरी पार्क लगायतका स्थान

**सम्पर्क**
नाकानो वडा कार्यालय सामान्य मामिला विभाग,
सामान्य मामिला शाखा, पुनर्निर्माण तथा सहयोग इकाई
☎ 03-3228-7868

वेबसाइट ▶

## नाकानो निगिवाइ फेस्टा 2026 शरद

यो नाकानो स्टेशन वरपरका व्यापारिक क्षेत्रहरूमा आयोजना गरिने शरद ऋतुको उत्सव हो । विभिन्न स्थानमा खाना तथा सामानका स्टल, ताइको (जापानी ढोल) को प्रत्यक्ष प्रस्तुति र बालबालिकाका लागि विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरिनेछन्। सबैजना अवश्य आउनुहोस् र रमाइलो गर्नुहोस् ।

**तालिका**
2026 साल 11 महिना 7 तारिक (शनि), 8 तारिक (आइत)

**स्थान**
नाकानो सोतोनिवा, नाकानो साउथ टेरा अगाडिको खुला क्षेत्र, नाकानो ब्रोडवे व्यापारिक क्षेत्र, नाकानो सनमल व्यापारिक क्षेत्र, नाकानो सनप्लाजा दक्षिणतर्फको खुला क्षेत्र लगायतका स्थानहरू।

**सम्पर्क**
नाकानो निगिवाइ फेस्टा कार्यकारी समिति सचिवालय
(नाकानो वडा पर्यटन संघभित्र)
✉ nakanonigiwai@gmail.com

वेबसाइट ▶


प्रकाशकः नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
ठेगानाः 〒164-8501 नाकानो कु, नाकानो 4-11-19 फोनः 03(3228)8929 (सीधा सम्पर्क)

वर्षमा 4 पटक (6 महिना, 9 महिना, 12 महिना, 3 महिना) सरल जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।